१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १३४ ॥ २०८२ असार ०९ गते सोमबार (23rd June 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## बिर्तामोडमा लम्पी स्कीनको संक्रमण

# पाँचवटा चौपाया मरे, पाँच सय बढी संक्रमित



झापा(प्रस)। दुई वर्षअघि महामारीकै रुप लिएर नियन्त्रणमा आएको लम्पी स्कीनबाट यस वर्ष झापाको बिर्तामोडमा पाँचवटा चौपाया मरेका छन् । बिगत दुई सातादेखि देखा परेको लम्पी स्कीन रोगबाट बिर्तामोड वडा नं ६ मा दुईवटा तथा वडा नं ५ , ७ र ९ मा एक-एक वटा चौपाया मरेका हुन् । बिर्तामोड नगरपालिका-७ का ऋषिराज पौडेलको घरमा रहेको करिब पाँच महिनाको बहर लम्की स्कीन रोग लागेर मरेको जनाइएको छ । लम्पी स्कीनविरुद्धको खोप लगाउँदै हिडेका प्राविधिकहरुले सो तथ्यांक संकलन गरेका हुन् । उनीहरुका अनुसार बिर्तामोडका पाँच सयभन्दा बढी चौपाया संक्रमित भएका छन् । टोल टोलमा लम्पी स्कीनको संक्रमण देखिएको छ । महामारीको रुप लिन थालेपछि बिर्तामोडमा लम्पी स्कीनविरुद्धको खोप लगाउन थालिएको छ । नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखाका प्रमुख डा. नगेन्द्र खड्काका अनुसार बिर्तामोडको ६ , ७ र ९ नं वडामा खोप लगाइसकिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भद्रपुरबाट उपलब्ध २५०० खोप लगाउने कार्य भइरहेको डा. खड्काले बताए । उनले नगरपालिकाले ९०० खोप खरिद गर्ने तयारी भइरहेको बताउँदै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले थप एक हजार खोप दिन लागेको जानकारी दिए । बिर्तामोडमा करिव १५ हजारको संख्यामा पशु चौपाया रहेको अनुमान गरिएको छ । त्यस्तै पशुपंक्षी तथा मत्स्य विकास शाखाले लम्पी स्कीन लागेका चौपायाका लागि निःशुल्क औषधी वितरण गर्दै आएको छ । कार्यालयमा आएका ३२ जना किसानलाई औषधी वितरण गरिएको पशुपंक्षी तथा मत्स्य विकास शाखाका अधिकृत सावित्राकुमारी दाहालले बताइन् । पशु सेवा विभागले यो वर्षको हालसम्म तीन जिल्लामा लम्पी स्कीन रोग देखिएको बताएको छ । लामखुट्टे, झिंगा र किर्नाको टोकाइबाट गाईभैंसीमा सर्ने यो रोगप्रति विशेष सजगता अपनाउन प्राविधिकहरुले सुझाएका छन् ।

पशु सेवा विभागका अनुसार यस वर्ष झापा, इलाम, रुकुममा लम्पी स्कीन रोग देखिएको छ ।संक्रमण देखिएको क्षेत्रमा अनुगमन र निगरानी भइरहेको प्राविधिकहरुले बताएका छन् । गाईभैंसीमा उच्च ज्वरो आउने, दाना-पानी कम खाने र दूध उत्पादन घटाउने जस्ता लक्ष्य देखिएपछि परीक्षण गर्दा लम्पी स्कीन पुष्टि भएको हो । यस्ता लक्षण देखिएपछि पशुको शरीरमा घाउ आउने गर्दछ । योसँगै दुई वर्षअधिको जस्तै महामारीको रुप लिने हो कि भनेर किसान चिन्तित छन् । पशुसेवा विभागले भने यस पटकको संक्रमणले महामारीको रुप नलिने दाबी गरेको छ ।

# मनरामद्वारा स्वास्थ्य सामग्री प्रदान

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नं. १० मा अवस्थित मनराम हिमालयन ह्यान्डिक्राफ्ट प्रा.लि.ले नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखालाई विभिन्न स्वास्थ्य सामग्री प्रदान गरेको छ।

एक संक्षिप्त कार्यक्रमका बीच उक्त सामग्री नगर उपप्रमुख नगेन्द्र प्रसाद संग्रौलालाई संस्थाका निर्देशक राजेन्द्र कुमार श्रेष्ठ र उप-निर्देशक अतिनराज प्रधानले हस्तान्तरण गरे। कार्यक्रममा बोल्दै निर्देशक श्रेष्ठले सामाजिक उत्तरदायित्वअन्तर्गत खोरेत तथा लम्पी स्किन रोगको रोकथाम र नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले ६० हजार रुपैयाँ बराबरको



स्वास्थ्य सामग्री प्रदान गरिएको जानकारी दिए। उनले खोरेत र लम्पी रोग नियन्त्रण गर्न सकेमा गाईको दूधबाट उत्पादित छुर्पी लगायतका सामग्रीहरू विदेशी बजारमा निर्यात गर्न सहज हुने विश्वास व्यक्त गरे ।

त्यसैगरी, नगर उपप्रमुख संग्रौलाले स्वास्थ्य सामग्री प्रदान गरेबापत मनराम हिमालयन ह्यान्डिक्राफ्टलाई धन्यवाद व्यक्त गर्दै यसले स्थानीय किसानहरूलाई प्रत्यक्ष रूपमा लाभ पुग्ने बताए । निजी क्षेत्रबाट प्राप्त सहयोगले खोरेत तथा लम्पी स्किन रोगको नियन्त्रणमा टेवा पुग्ने उनको भनाइ थियो।

नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखाका प्रमुख डा. नगेन्द्र खड्काका अनुसार, असार ३ गतेदेखि नगरका विभिन्न वडामा खोरेत तथा लम्पी रोग विरुद्धको खोप कार्यक्रम निःशुल्क रूपमा सञ्चालन भइरहेको छ, जसमा पाँच जना प्राविधिक खटिएका छन्। हालसम्ममा वडा नम्बर ६,७ र ९ मा सम्पन्न भइसकेको छ ।

कार्यक्रममा शाखा अधिकृत सावित्रा दाहाल, मनराम हिमालयन ह्यान्डिक्राफ्टका डकुमेन्ट अफिसर जीना पौडेल, प्रतिनिधि बसन्त पौडेलको उपस्थिति रहेको थियो।

# इलाममा घट्यो आत्महत्याको दर




इलाम(प्रस) । इलाममा विकराल समस्याको रुपमा रहेको आत्महत्याको दर घटेको छ । आत्महत्या गरी ज्यान गुमाउनेको संख्या उच्च रहेको इलाममा यस वर्ष आत्महत्या गर्नेको संख्यामा निकै कमी आएको हो ।

आर्थिक वर्ष २०८०।०८१ मा इलाममा १२१ जनाले आत्महत्या गरी ज्यान गुमाएका थिए । यस चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको ११ महिनाको तथ्यांकलाई हेर्दा ७० जनाले आत्महत्या गरी ज्यान गुमाएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । गत वर्षको तुलनामा यस वर्ष आत्महत्या ४२.१४ प्रतिशतले घटेको तथ्याङ्कले देखाएको छ । गत वर्ष इलाममा झुन्डिएर ११४ , विष सेवन गरी ४ , आगो लगाएर १ र आफैलाई हतियार प्रहार गरी २ जनाले आत्महत्या गरेका थिए । पुरुष ८७ , महिला ३३ र एकजना बालकले आत्महत्या गरेको इलाम प्रहरीले जनाएको छ । यस वर्षको ११ महिनाको अवधिमा झुन्डिएर ६१ , विष सेवनबाट ८ र आफैलाई हतियार प्रहार गरी एकजनाले आत्महत्या गरेका छन् । चालु आर्थिक वर्षमा पुरुष ४७ , महिला १८ र पाँच जना बालिकाले आत्महत्या गरेको पाइएको छ । यस वर्ष आत्महत्या गर्ने बालिकाहरुको संख्या बढेको हो । पोहोर र परारको तुलनामा यस वर्ष इलाममा आत्महत्या घट्नु सकारात्मक कुरा भएको जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक एकनारायण कोइरालाले बताए । उनले प्रहरी प्रधान कार्यालयको कार्ययोजना र त्यसलाई अक्षरस लागू गर्दा आत्महत्यालाई न्यूनीकरण गर्न सफल भएको बताए । उनले प्रहरीको समुदाय साझेदारी कार्यक्रमअन्तर्गत समुदाय स्तरमा जनचेतना फैलाउन गरिएको कार्यक्रमले आत्महत्या कम गर्न ठूलो मद्धत पुगेको प्रतिक्रिया दिए । जिल्लामा आत्महत्या रोकथामका लागि विभिन्न प्रयास गरिएका छन् । जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुले पनि आत्महत्या न्यूनीकरणका लागि विभिन्न कार्यक्रम गर्दै आएका छन् । त्यस्तै विद्यालयहरुमा आत्महत्या सम्बन्धी सचेतना कार्यक्रम संचालन हुँदै आएको छ ।

# कन्काई नहरमा हामफालेर वृद्धले गरे आत्महत्या

झापा(प्रस) ।कन्काई नहरमा हामफालेर एक वृद्धले आत्महत्या गरेका छन् ।

आइतवार बिहान अन्दाजी ८:५० बजे झापा शिबसताक्षी नगरपालिका ७ ब्याङडाँडा बस्ने ७९ वर्षीय राधाकृष्ण सोडारीले घरबाट अन्दाजी १ किलोमिटर पश्चिमतर्फ वडा न.७ र ११ को बिचमा रहेको कन्काई नहरमा हामफाली आत्महत्या गरेका हुन् ।उनी चौकतर्फ घुम्न जान्छु भनी घरबाट हिडेका थिए । नहरको पानीमा हामफाली बेपत्ता भएको भन्ने इलाका प्रहरी कार्यालय झिलझिलेमा आफन्तले जानकरी गराउनसाथ इलाका प्रहरी कार्यालय शिबगंजबाट प्रहरी नायव निरीक्षक खड्ग गिरीको कमाण्डमा प्रहरी टोली खटिएर स्थानीयको सहयोगमा खोजतलास गर्ने क्रममा घटनास्थलबाट अन्दाजी ५००मिटर दक्षिण सोडारीको शव फेला परेको हो । पानीबाट शव बाहिर निकाली घटनास्थल सुरक्षित राखिएको र थप अनुसन्धान तथा कानूनी प्रकृया भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पोखरीमा डुबेर बालकको मृत्यु

झापा(प्रस) । मोरङमा पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ । आइतवार दिउँसो ४:३० बजे मोरङ धनपालथान गाउँपालिका -७ कदमाहा टोल बस्ने बिजय शर्माका छोरा ८ वर्षीय ऋषि शर्माको आफ्नै घरनजिकै रहेको सार्वजनिक पोखरीमा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो । बालक डुबिरहेको अबस्थामा आफन्तले देखेर पोखरीबाट बाहिर निकाली घरमा ल्याई राखेका थिए । प्रहरी चौकी गडेरियाबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय रंगेलीबाट प्रहरी टोली गएको जनाइएको छ ।

## झापाको हात्तीको दुःख इलाममा सर्यो

# लगातार जनधनको क्षति

झापा(प्रस) । पछिल्लो समय आहाराको खोजीमा झापासँग जोडिएका इलामका गाउँहरुमा उक्लिएर हात्तीले क्षति गर्न थालेको छ । हात्तीको आक्रमणबाट यो आर्थिक वर्षमा इलाममा दुईजनाको मृत्यु भइसकेको छ ।

शनिवार रोङ गाउँपालिका ६ स्थित सिद्धिखोला किनारको घारीमा जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको हो । अन्दाजी वर्ष ५०/५५ की मृतक महिलाको सनाखत हुन सकिरहेको छैन । हात्तीले लछारपछार गरी मारेको महिलाको शव वीभत्स रहेको प्रहरीले जनाएको छ । महिलाको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

त्यस्तै रोङ ६ को पुछार गाउँका पूर्णबहादुर राईको घरसमेत हात्तीले भत्काएको छ । हिजो साँझ ५ः३० बजे प्रहरी चौकी जिर्मलेमा घटनाको खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक इन्द्रप्रसाद साहको कमाण्डमा प्रहरी टोली खटिएको थियो ।

यसअघि गत असोज २८ गते राति इलामको चुलाचुलीमा जंगली हात्तीको आक्रमणमा परी एक वृद्धको मृत्यु भएको थियो ।

घरनजिकै रहेको धान खेतमा आएको हात्ती खेदाउन जाँदा हात्तीको आक्रमणबाट चुलाचुली- १ का ७३ वर्षीय राजकुमार राईको मृत्यु भएको हो ।

विगत ४ महिनादेखि लगातार रोङ गाउँपालिकामा हात्तीले दुःख दिँदै आएको प्रहरी चौकी जिर्मलेका प्रहरी सहायक निरीक्षक साहले बताए । भारतको खैरबनी जंगल र झापाको बाहुनडाँगीबाट जाने गरेका हात्तीले रोङमा जनधनको क्षति गर्दै आएका छन् । 'केही दिनदेखि १५-२० वटा हात्तीको हुल आइरहेको छ' साहले भने,' लगातार हात्ती आउँदा खेदाउन समस्या भइरहेको छ । ' उनले एउटा दारे हात्तीले हुलमा नबसी उपद्रो गर्दै आएको जानकारी दिए ।

पछिल्लो समय झापासंगै इलाम जिल्ला पनि हात्तीबाट प्रत्यक्ष प्रभावित भएको डिभिजन वन कार्यालय इलामले जनाएको छ । विशेष गरी इलामको रोङ गाउँपालिका , माई नगरपालिका र चुलाचुली गाउँपालिका हात्तीबाट प्रभावित भएको डिभिजन वन कार्यालय इलामका प्रमुख वीरेन्द्र साहले बताए ।

पहिले-पहिले तराई क्षेत्रमा मात्रै चर्ने जंगली हात्ती अचेल आहारा खोज्दै चुरे र पहाडतिर पनि प्रवेश गर्ने गरेका छन् । हात्तीले किसानको बालीनालीमा क्षति गर्ने गरेको रोङ गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बोले बताए ।

# ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुईजनाको मृत्यु




झापा(प्रस) । इलाममा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुईजनाको मृत्यु भएको छ । आइतवार दिउँसो ४.१० बजे इलाम रोङ गाउँपालिका ३ पाथले डाँडास्थित मेची राजमार्गमा झापाबाट इलामतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ४५४७ न.को ट्रकले बिपरित दिशाबाट आउँदै गरेको बा ८९ प २२६६ न.को मोटरसाइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक बझाङ बित्थडचिर गाउँपालिका वडा नं . १ बस्ने २६ वर्षीय मदनबहादुर बोहरा र पछाडी सवार जाजरकोट छेडागाडा नगरपालिका ८ बस्ने २३ वर्षीया सिर्जना गिरीको मृत्यु भएको हो । घाइतेहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाइएकोमा अस्पतालका डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । दुवैको शव सोही अस्पतालमा रहेको छ । दुर्घटनापछि ट्रक र ट्रक चालक पाँचथर कुम्मायक गाउँपालिका ९ बस्ने ३३ वर्षीय नितेश बुढाथोकीलाई नियन्त्रणमा लिई प्रहरी चौकी फिक्कलमा राखिएको छ

# मनसुन भित्रिएसँगै बढ्न थाले सङ्क्रामक रोग

झापा(प्रस) । मनसुन भित्रिएसँगै सङ्क्रामक रोगहरूको जोखिम बढ्न थालेको छ । पछिल्लो दुई सातायता डेंगु, झाडापखाला, रुघाखोकी, ज्वरो, कोभिड र सर्पदंशका बिरामीहरूको चाप अस्पतालमा देखिन थालेको छ ।

जल तथा मौसम विज्ञान विभागले यस वर्ष तुलनात्मक रूपमा बढी पानी पर्न सक्ने आकलन गरेको छ, जसले सरुवा रोगहरू बढी मात्रामा फैलिन सक्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी बताउँछन् ।

सुदूरपश्चिममा एक जनामा यसको पुष्टि भएको छ । डेंगुको लक्षणबारे डा. पुन भन्छन्, 'वार्निङ साइन देखिन्छ, यसले जिउ दुख्ने हुन्छ अनि सन्चो भइहाल्ने पनि हुन्छ ।'

डेंगुको लक्षण देखिए स्वास्थ्यमा जटिलता आई मृत्युसमेत हुन सक्ने भएकाले एकदमै सचेत हुनुपर्ने उनी सुझाउँछन् । पछिल्लो समय डेंगुलाई गम्भीर रूपमा लिने नगर्दा सङ्क्रमितहरूमा स्वास्थ्य समस्या बढ्न थालेको पनि उनले बताए । यस्तो वेला अफिस नजाने, घरमै आराम गरेर बस्ने गर्नुपर्ने उनको सुझाव



इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार कोरोना भाइरस सङ्क्रमणका केस पनि बढ्न थालेको छ । पछिल्लो सात दिनमा सबैभन्दा बढी बागमती प्रदेशमा २२ जना, मधेस प्रदेश ४ जना, सुदूरपश्चिममा ४ जना र कोशीमा ३ गरी ३३ जनामा यो पुष्टि भएको छ ।

पुस १७ यता कोरोनाबाट १६० जनामा सङ्क्रमण पुष्टि भएको बुढाथोकीले जानकारी दिए । छिमेकी राष्ट्र भारतमा यसको सङ्क्रमण दर ह्वातै बढेकाले सचेत हुन पनि उनले सुझाए । तर यता सरुवा रोग विशेषज्ञ डा.शेरबहादुर पुन भने यो 'ओमिक्रोन भेरियन्ट'कै नयाँ पुस्ता 'मिक्सअप' भएर आएकाले आत्तिइहाल्नुपर्ने अवस्था भने नरहेको बताउँछन् । ' ओमिक्रोनले बुढाबुढी, दीर्घरोगी, प्रतिरोधात्मक क्षमता र शारीरिक रूपमा कमजोरलाई अलिकति सकस बनाउन सक्छ,' उनले भने ।

तर कोभिड-१९को जस्तो लक्षण देखिएमा बेवास्ता नगर्न उनले सुझाए । तर सङ्क्रमण भइहाले नआत्तिन पनि उनले अनुरोध गरे ।

मनसुन सुरु भएसँगै डेंगुका बिरामी पनि बढ्न थालेका छन् । इडीसीका अनुसार एक साता मात्र ४४ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । जसमध्ये सबैभन्दा धेरै लुम्बिनीमा १८ जना छन् । त्यस्तै बागमतीमा १०, गण्डकीमा ८, कोशीमा ५, मधेसमा २ र छ ।

डेंगुमा पनि कोरोनाजस्तै मिल्दोजुल्दो सङ्क्रमण देखिने उनी बताउँछन् । तारनतार बान्ता हुने, नाक अथवा गिजाबाट रगत आउने, पेट असाध्यै दुख्ने र आलस्य बढ्ने देखिए घरमै आराम गर्न उनले अनुरोध गरे । र यिनै चार लक्षण नै 'वार्निङ साइन' मानिने उनले बताए ।

गत वर्ष अधिकांशमा नाक, गिजाबाट रगत बग्ने, महिनावारीको समयमा रगत धेरै बग्ने समस्या लिएर बिरामीहरू अस्पताल गएका उदाहरण दिँदै उनले डेंगुको 'वार्निङ साइन'लाई बहसमा ल्याउनुपर्ने तर्क गरे ।

बिरामीको स्वास्थ्य जाँच रिपोर्टअनुसार पेट वा छातीमा पानी जम्ने, कलेजोको आकार बढ्ने र रगतमा प्लेटलेट्सको संख्या तीव्र गतिमा घट्ने देखिए अवस्था जटिल मान्न पनि उनको सुझाव छ ।

त्यस्तै स्क्रब टाइफस पनि यस वर्ष देखिन सक्ने अर्को जोखिम भएकाले सचेत रहने उनले आग्रह गरे ।

मनसुनसँगै भित्रिने यस्ता सङ्क्रामक रोग फैलिन नदिन स्वास्थ्य मन्त्रालयले मेचीदेखि महाकालीसम्म २५ वटा 'हब हस्पिटल'मा दुई-दुई वटा इमर्जेन्सी मेडिकल टिम पनि तयारी अवस्थामा राखिएको प्रवक्ता बुढाथोकीले जानकारी दिए । यस्तै उनका अनुसार हरेक जिल्ला, पालिका र त्यसभन्दा तल्लो तहमा सङ्क्रमण रोगसम्बन्धी 'र्‍यापिड रेस्पोन्स' टिमहरू पनि तयारी अवस्थामा राखिएका छन् । 'हामीले यति तयारी गरेका छौँ, यसमा जनता र जनप्रतिनिधिले साथ दिनुपर्छ,' उनले भने, 'सरकारको एक्लो तयारीले पुग्दैन ।'

यस्तै मन्त्रालयले विपद् अवधिभर विशेषज्ञ वा स्वास्थ्यकर्मीलाई लामो बिदामा नबस्न पनि अनुरोध गरेको उनले बताए । सरकारले स्वास्थ्यसम्बन्धी कार्यक्रममार्फत पखालाजन्य रोगहरू निदानका लागि जनचेतना फैलाउने काम पनि गरिरहेको छ ।

आवश्यक सरसामान, औषधिहरूको भण्डारण र मनसुनमा देखिने रोगबारे विज्ञहरूलाई तालिम पनि दिने काम भइरहेको उनले जानकारी दिए ।

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, मोरङ्ग जिल्ला, पथरी शनिश्चरे नगरपालिका वडा नं.- ६ मा बस्ने जनकलाल दहालकी नातिनी, प्रेम प्रसाद दहालकी छोरी, सुन्दरा देवी लुइटेलको मिति वि.सं. २०८०/१०/२६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय पथरीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान् कृष्ण प्रसाद लुइटेलले मिति वि.सं. २०८२/०३/०२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्याद भित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,इलाम जिल्ला,सूर्योदय नगरपालिका वार्ड नं.-१० मा बस्ने श्री लक्ष्मीनाथ ढुङ्गानाका नाति श्री बेदनिधी ढुङ्गानाका छोरा,श्री गोबिन्द प्रसाद ढुङ्गानाको मिति वि.सं.२०८१/०६/१५गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय फिक्कलमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी पत्नी श्रीमती इन्द्र कुमारी ढुङ्गानाले मिति वि.सं.२०८२/०२/१९मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# लागूऔषध लिन काठमाण्डौबाट झापामा



झापा(प्रस) । भारतबाट कारमा ठूलो परिमाणमा लागूऔषध लिएर फर्किँदै गरेका दुई युवायुवती झापाको भद्रपुरमा पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा काठमाण्डौ महानगरपालिका वडा नं.२६ बस्ने २४ वर्षीय निवेश कुँवर र लमजुङ कोलासोतार गाउँपालिका वडा नं. ७ बस्ने २२ वर्षीया नोजिना रानामगर रहेका छन् ।

शनिवार दिउँसो १:३० बजे गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक विजय चौहान र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट प्रहरी नायव निरीक्षक कुमार सोमेस लामिछानेको कमाण्डमा खटिएको संयुक्त प्रहरी टोलीले भद्रपुर ५स्थित भन्सार चोकमा भारतबाट नेपालतर्फ आइरहेको बा. प्रदेश ०१-०३० च ७७९३ नं. को नेटा कम्पनीको ब्लु रंगको कारलाई रोकी चेकजाँच गरेको थियो ।

त्यसक्रममा चालक कुँवरले कालो प्लाष्टिकमा प्याक गरि आफू बस्ने सिटमा राखेर त्यसमाथि बसेर लुकाईछिपाई ल्याइरहेको अवस्थामा लागूऔषध ब्राउनसुगर फेला परेको थियो । त्यसलाई डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिकसहित ५१ ग्राम ९९० मिलिग्राम र प्लाष्टिकं बाहेक ४७ ग्राम ६९० मिलिग्राम ब्राउनसुगर रहेको प्रहरीले जनाएको छ । सो ब्राउनसुगरसहित कार चालक कुँवर र कारमा सवार रानामगरलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय झापामा ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ उनीहरूलाई अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसनधान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्र खडकाले जानकारी दिएका छन् ।

इन्द्र बिन्ति गरून झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००१ फागुन २५ गते

निधन: २०८२/०३/१ गते

### स्व. कमलप्रसाद सापकोटा

यस प्रतिदिन राष्ट्रिय दैनिकका डेस्क रिपोर्टर मुना सापकोटाका हजुरबुबा कमलप्रसाद सापकोटाको ८१ बर्षको उमेरमा भएको दुखद निधनप्रति हाम्रो सिंगो परिवार स्तव्ध भएका छौं । यस शोकको घडीमा दिव्यात्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन श्रीमती : रुकमिणा सापकोटा,छोरा बुहारीहरु : सागर + धनमाया सापकोटा,प्रेमसागर + दुर्गा सापकोटा लगायत सम्पूर्ण सापकोटा परिवारमा शोक सहन सक्ने शक्ति इश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौ ।

| माधब खनाल | इन्द्रसिंह राजवंशी | उमेश राउत | युवराज दाहाल |
|---|---|---|---|
| व्यवस्थापक | सम्पादक | संचालक | अध्यक्ष |

**एवम् प्रतिदिन राष्ट्रिय दैनिक परिवार**
बिर्तामोड, झापा

## बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

### सेवा प्रवाह बन्द हुने बारेको सूचना

उपरोक्त विषयमा यही मिति २०८२ साल असार ०९ गते सोमबार बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको सातौं अधिवेशन हुने भएकाले मिति २०८२।०२।१६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उक्त दिन अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सेवा प्रवाह बन्द भएको कारणले सेवाग्राहीमा पर्न गएको असुविधा प्रति बिर्तामोड नगरपालिका क्षमाप्रार्थी छ ।

सागर मिश्र
प्रमुख प्रशासकिय अधिकृत

## हिमालयन लाइफ इन्स्योरेन्स लि.
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI 1230006647 | प्रकाश गुरुङ | बिर्तामोड-१ ,झापा |

## जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापा

### कर्मचारी आवश्यकता

जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५, झापाको २०८२/०३/७ गते बसेको संचालक समितिको बैठक अनुसार निम्न कर्मचारी आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले आफ्नो बायोडाटासहित आवदेन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

पद : बजार प्रतिनिधि
संख्या : ३ महिला
कार्यक्षेत्र : बिर्तामोड,गरामुनी,अर्जुनधारा
आवेदन शुल्क : रु २००/- (फिर्ता नहुने गरि)
शैक्षिक योग्यता : एसईई उत्तीर्ण वा सो सरह
आवेदन दिने अन्तिम मिति : २०८२/३/१५
तलब : आपसी समझदारीमा
नोट : आफ्नै सवारीसाधन र लाइसेन्स भएकोलाई प्राथमिकता दिइने छ ।

जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापा
सम्पर्क नं. : ०२३५९०१९३

## कृषिमा आधुनिकीकरण गरौं ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्धतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ्ग र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्रण गरौं,
- बजार व्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान-प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।
- "कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# फेरि देखियो लम्पी स्कीन

पशु चौपायामा लाग्ने लम्पी स्कीनले दुई वर्षअघि महामारीको रुप लिएको थियो। त्यस वर्ष नियन्त्रणमा आएको गाईभैंसीमा लाग्ने लम्पी स्कीन रोग यस वर्ष फेरि देखिएको छ। पशु सेवा विभागले यो वर्षको हालसम्म तीन जिल्लामा लम्पी स्कीन रोग देखिएको बताएको छ। लामखुट्टे, झिगा र किर्नाको टोकाइबाट गाईभैंसीमा सर्ने यो रोगप्रति विशेष सजगता अपनाउन प्राविधिकहरुले सुझाएका छन्।

पशु सेवा विभागका अनुसार यस वर्ष झापा, इलाम, रुकुममा लम्पी स्कीन रोग देखिएको छ। झापामा धेरै चौपायामा लम्पी स्कीन रोगको पुष्टि भएको छ। त्यस्तै इलाममा एक वर्ष भन्दा कम उमेरमा बाच्छा बाच्छीमा रोग देखिएको छ। संक्रमण देखिएको क्षेत्रमा अनुगमन र निगरानी भइरहेको प्राविधिकहरुले बताएका छन्। गाईभैंसीमा उच्च ज्वरो आउने, दाना–पानी कम खाने र दूध उत्पादन घटाउने जस्ता लक्ष्य देखिएपछि परीक्षण गर्दा लम्पी स्कीन पुष्टि भएको हो। यस्ता लक्षण देखिएपछि पशुको शरीरमा घाउ आउने गर्दछ। योसँगै दुई वर्षअघिको जस्तै महामारीको रुप लिने हो कि भनेर किसान चिन्तित छन्।

यता पशुसेवा विभागले भने यस पटकको संक्रमणले महामारीको रुप नलिने दाबी गरेको छ। गाईभैंसीमा खोप लगाउने क्रम जारी रहेकाले लम्पी स्किनले महामारीको रुप नलिनेमा विभाग ढुक्क देखिएको हो। सरकारले खरिद गरेको १४ लाख डोज खोपमध्ये १० लाख डोज प्रदेशहरुमा पठाइसकेको र अति प्रभावित मानिएको कर्णाली प्रदेशका यस अघि प्रभावित जिल्लाका गाईभैंसीमा खोप लगाइसकिएको विभागको भनाइ छ।

लम्पि स्किन निकै संक्रामक रोग हो। लामखुट्टे, झिँगा र किर्नाको टोकाइबाट यो रोग सर्ने भएकाले गाईवस्तुमा जैविक सुरक्षा अपनाउनुपर्ने हुन्छ। संक्रमित पशु भएका गोठ अन्य पशुहरुको सम्पर्कबाट बाहिर राख्नुपर्छ।

२०७७ सालमा मोरङमा देखिएको लम्पी स्कीन रोग नियन्त्रणमा लिन नसक्दा साढे दुई वर्षको अवधिका किसानले ७४ अर्ब ६७ करोड रुपैयाँ भन्दा बढीको क्षति बेहोर्नुपरेको पशु चिकित्सा परिषद्ले गरेको अध्ययनले देखाएको थियो। लम्पी स्कीनलाई महामारी फैलिनबाट रोकौं। खोप अभियानलाई तीव्र बनाऔं।

# शिक्षामा दिगो बहस



• रमेशप्रसाद गौतम

अक्षराङ्क पद्धति विश्वका अधिकांश मुलुकले अपनाउँदै आएको प्रणाली हो। हाम्रो शिक्षा प्रणालीले नतिजा प्रकाशनमा उत्तीर्ण र अनुत्तीर्ण गर्ने व्यवस्थामा परिवर्तन गरी यो नयाँ पद्धति अनुसरण गर्दै आएको छ। अक्षराङ्क पद्धतिले शिक्षामा सुधार आउने विश्वासका साथ अङ्गीकार गर्‍यो। शिक्षाको गुणस्तर वृद्धि गर्न यो अपरिहार्य पद्धति भनियो। यो पद्धति स्वयम्ले शिक्षालाई माथि उठाउने वा तल खसाल्ने होइन। यो पद्धति विद्यार्थीले प्राप्त गरेको अङ्कको समूहलाई अक्षरको सङ्केतमा राखिने विषय हो। एकथरीले अक्षराङ्क पद्धति राम्रो होइन भन्न छाडेका छैनन् भने अर्काथरीले यसलाई अपनाउनै पर्छ भनेका छन्। समय सन्दर्भ सुधार हुन भने जरुरी छ।

अक्षराङ्क पद्धतिले विद्यार्थी प्रायः असफल हुँदैनन्, तिनको मनोबल गिर्दैन। अस्वस्थ प्रतिस्पर्धा पनि हुँदैन। फलानो प्रथम द्वितीय आदि भनी घोषणा पनि नहुने, पाठयक्रम र परीक्षा प्रणालीमा उस्तै उस्तै विशेषता भएका विद्यालयबिच पनि कक्षा कोठा, शिक्षण सिकाइ र विद्यालयको वातावरणबाट स्तर थाहा पाउनु पर्ने आदि सकारात्मक पक्षलाई विश्लेषण गरिँदै आइएको छ। उदार कक्षोन्नति नीति अनुसार प्रारम्भिक कक्षामा पढ्ने विद्यार्थीलाई अनुत्तीर्ण गर्न नहुने व्यवस्था, कक्षामा दण्ड दिन नपाउने र स्वतः पास हुने अक्षराङ्क पद्धतिले कमजोर विद्यार्थी पनि उत्तीर्ण हुने हुँदा शिक्षाको गुणस्तर गिर्ने छ। यतिखेर कक्षा कोठाको सिकाइ कमजोर भएको मानिन्छ।

विद्यार्थीको मूल्याङ्कन प्रक्रियालाई निरन्तरता दिने, तिनलाई मेहनतका साथ पठनपाठनमा लगाउने र शिक्षक तथा विद्यार्थी दुवैले सही रूपमा कार्यान्वयन गर्ने हो भने यसले सिकाइ सुनिश्चित गर्छ। वास्तविक सिकाइ सुधार हुने भनेको कक्षा कोठामा नै हो। यसका लागि शिक्षकमा सिकाउन सक्ने क्षमता हुनु पर्छ। शिक्षकमा सिकाउने इच्छा शक्ति प्रबल हुनु पर्छ। यहाँ शिक्षकले सामाजिक वा आर्थिक फाइदा नहेरी बालबालिकाको भविष्यप्रति सचेत रहनु जरुरी छ।

विद्यालय व्यवस्थापनले शिक्षकलाई राम्रो वातावरण भने निर्माण गरिदिनु पर्छ। विद्यार्थीले पनि स्वस्थ शैक्षिक वातावरण विना राम्रोसँग सिक्न सक्दैनन्। घरायसी परिस्थिति, अभिभावक सचेत नहुनु, घरभित्रको व्यवहार अनुशासित नहुनु बाबुआमाले सन्तानका लागि समय दिन नसक्नु, घर परिवारबाट उचित माया नपाउनु जस्ता समस्या पनि छन्। यस्ता विषयले केटाकेटीको सिकाइमा प्रतिकूल प्रभाव पर्छ। यसर्थ हरेक अभिभावक आफ्ना सन्तानको भविष्यप्रति सचेत हुनै पर्छ। विद्यालयको वातावरण पनि महत्वपूर्ण हुन्छ। कक्षा कोठा उपयुक्त, प्रयोगशाला, पुस्तकालय विषयगत शिक्षक आदिको व्यवस्था हुनु झनै जरुरी छ।

विद्यालय शिक्षा सम्बन्धमा धेरै बहस र छलफल भए। अनेक आयोग र समितिबाट सुझाव लिने काम भए। विद्यालय शिक्षा देशको दीर्घकालीन भविष्यसँग जोडिएको विषय ठानेर सुधारका उपाय अपनाइए पनि नीतिगत सुधार र कार्यान्वयन पक्ष बलियो हुन सकेन। त्यसैले शिक्षाको अवस्था कमजोर बन्दै गएको छ। शिक्षा क्षेत्र सञ्चालनको जिम्मेवारी लिँदै आएको राजनीतिक नेतृत्व, सरकारी कर्मचारीले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षा नीति तर्जुमा गर्दा बुद्धिजीवीको साथ र सहयोग लिन कञ्जुस्याइँ गर्नु हुन्न।

सरकारी विद्यालयको कमजोर अवस्थाको फाइदा उठाउँदै निजी विद्यालयले फस्टाउने मौका पाए। सार्वजनिक विद्यालयको जिम्मा २०२८ सालपछि सरकारले लियो। पछि सरकारले आर्थिक व्यवहार वहन गर्न नसक्दा हात छोड्यो। सार्वजनिक विद्यालय बेवारिसे अवस्थामा सञ्चालन हुँदै आए। सरकारमा हुने र बाहिर राजनीति गर्नेहरूले पनि शिक्षालाई चलखेलको माध्यम बनाए। यता सरकारी विद्यालयका तुलनामा निजी विद्यालय राम्रो हुँदै आउनुको मुख्य कारण त्यहाँ स्वामित्वको भावना प्रबल बन्नु हो। अब सार्वजनिक विद्यालयमा यस्तो भावना जगाउन स्थानीय सरकारलाई सजग र सबल तुल्याउनु जरुरी छ।

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा स्थानीय तहको जिम्मामा दिएको छ। यसमा स्थानीय तह र अभिभावकसमेतको सक्रिय सहभागिता नभई हुँदैन। नेपालको शैक्षिक इतिहासमा शिक्षा अन्य सेवाभन्दा अगाडि बढ्नुका मूल कारण पनि स्थानीय समुदायको सक्रियता नै हो। विद्यालय थुप्रै खोलिँदै आए। २०२८ साल पछि त झनै विद्यालय थुप्रै खोलिए। शिक्षामा दक्षता भने बढ्न सकेन। विद्यालय खोल्न सबैको जोडबल हुँदै गयो, योग्य शिक्षकको अभाव खड्किँदै गयो। योग्यता र दक्षता नभएका पनि शिक्षक बन्दै गए। परिणामतः शिक्षाको गुणस्तर बढ्न सकेन।

अर्थ, राजनीतिक संरचना र प्रक्रिया अन्तर्गत शिक्षामा निजीकरण अपरिहार्य जस्तै बन्दै आयो। अन्य क्षेत्रका सेवासमेत निजीकरण हुँदै आए। शिक्षाको लगानी पूर्ण रूपले सरकारले थेग्न नसक्ने अवस्थामा राष्ट्रियकरणका कुरा उठाउनु असान्दर्भिक ठहर्छ। सरकारले निजी क्षेत्रका विद्यालयलाई नियमित गर्ने र अनुशासित बनाउन जोड दिनु पर्छ। अहिले मनपरि ढङ्गले निजी विद्यालय खोल्ने, शुल्क बर्सैपिच्छे बढाउने क्रियाकलाप नियन्त्रण गर्नु पर्छ। त्यहाँ पनि छात्रवृत्ति प्रतिशतका कोटा छुट्याउने छात्रवृत्तिको व्यवस्था मिलाउनु पर्छ। सरकारी मापदण्ड अनुसार यी विद्यालय सञ्चालन हुनु जरुरी छ।

आधारभूत तहको शिक्षालाई मौलिक अधिकारका रूपमा संविधानत सुनिश्चित गरिएको छ। शिक्षालाई सर्वसुलभ तुल्याउने, अति गरिब परिवारका बालबालिकालाई शिक्षा हासिल गर्न थप मद्दत गर्न जरुरी छ। निजी विद्यालयका शैक्षिक प्रशासनलाई व्यावसायिक र चुस्त र दुरुस्त बनाउन ढिला गर्नु हुन्न। सार्वजनिक विद्यालयलाई शैक्षिक साधन सम्पन्न बनाउने र गुणस्तरयुक्त बनाउनु पर्छ। निजी, विद्यालय सञ्चालन माथि नियन्त्रणकारी उपाय अपनाएर सार्वजनिक विद्यालयको गुणस्तर वृद्धि हुने होइन।

यो सत्य हो। निजी विद्यालयलाई प्रश्रय दिनु पर्छ। सार्वजनिक विद्यालयलाई शैक्षिक साधान सम्पन्न बनाउने हेतुले नीति तय गर्नु आवश्यक छ। यसका लागि केन्द्रीय सरकार, प्रान्तीय सरकार, स्थानीय सरकार, समुदाय, विद्यालय, अभिभावक शिक्षक र विद्यार्थीसमेतको सक्रियतामा बढी सहभागी र लगानी बढाएर शैक्षिक प्रशासनलाई निष्पक्ष, इमानदार, व्यावसायिक र सक्षम बनाएर लैजानु पर्छ। सार्वजनिक विद्यालय सरकारी लगानीका अभावमा कमजोर भएका छन्। सरकारले विद्यालयका शिक्षकको तलब र सीमित प्रशासनिक र मसलन्द खर्च मात्र दिने हो। अरू खर्च विद्यालयले कहाँबाट जुटाउने ? यो अवस्था कसले ल्यायोभन्दा सरकार र राजनीतिक दलका कारणले आयो। जनताका नजरमा सस्तो लोकप्रियताका लागि निःशुल्क नारा र नीति ल्याइयो तर व्यवहारमा कस्तो हुन्छ भन्नेतर्फ ध्यान दिइएन।

सरकारले विद्यालयमा विद्यमान सरकारी प्रावधानका सम्बन्धमा खासै अनुगमन गर्न सकिरहेको छैन। शिक्षक नियुक्ति गर्ने र खारेजी गर्ने जस्ता अधिकार स्थानीय तहलाई दिनु हुँदैन भन्ने गरिए पनि त्यहाँ सधैँ पुग्ने भनेकै स्थानीय तह नै हो। तहलाई यस किसिमको अधिकारबाट बञ्चित गराउँदा त्यहाँ अनुशासन र व्यवस्थित गराउन असहज हुन्छ। यस विषयमा हचुवाको भरमा निर्णय दिनुभन्दा दिगो बहस र छलफलपछि निर्णयमा जानु उचित हुन्छ।

शिक्षा जस्तो संवेदनशील विषयका विविध पक्षबारे बृहत बहस चलाउनु जरुरी छ। केही सीमित व्यक्ति, वर्ग वा समूहका भरमा मात्र निर्भर रहेर निर्णय दिँदा विगत झैँ शिक्षा नीति तथा कार्यक्रम अव्यावहारिक हुन्छ। यसबारे गाउँ, गाउँ जिल्ला जिल्लाको दिगो बहस र छलफलबाट आएका विषयलाई संश्लेषण, विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्नु जरुरी छ।

# दलीय संवेदनशीलता



• प्राडा शान्तिकृष्ण अधिकारी

पूर्वसचिव पद्मप्रसाद पोखरेलले हालै आफ्नो जीवनी प्रकाशन गर्नुभएको छ। त्यसमा लोकतन्त्रका बारेमा उहाँका विचार प्रस्तुत छन्। उहाँको आशय छ - लोकतन्त्र जनउत्तरदायी व्यवस्था हो। सामान्य जनताका लागि व्यवस्थाको त्यति अर्थ हुँदैन। मतदान गर्नुमा नै सर्वसाधारणको लोकतन्त्रप्रतिको कर्तव्य सकिए जस्तै हुन्छ। आफ्नो दैनिकी चलाउन आफैँ कमाउँछ, खान्छ र परिवार पाल्छ। जुन व्यवस्थाले औषधीमूलोमा केही सहुलियत प्रदान गर्न सक्छ, बालबच्चाका लागि विद्यालय सहज हुन्छ, जुन सरकार आउँदा सरकारी सेवा सरल रूपमा प्राप्त हुन सक्छ, आमनागरिकका लागि त्यही सही ठहरिन्छ। सर्वसाधारणका यस्तै साधारण चाहना परिपूर्ति गर्दै मुलुकलाई अग्रगतिमा डोऱ्याएर नागरिकमा उत्साह बढाउनु लोकतान्त्रिक सरकारको कर्तव्य हो। सत्तारूढ दलहरूले आफूलाई लोकतन्त्रवादी भएको प्रमाणित गर्ने पनि यस्तै कार्यबाट हो। नागरिक सन्तुष्ट हुन सकेनन् भने नेपालमा लोकतन्त्र छ कि छैन भन्ने प्रश्न बारम्बार उठिरहन्छ।

नेपाली कांग्रेस र नेकपा एमालेका बिचमा सहकार्यको आवश्यकता किन महसुस गरियो ? एमालेले नेकपा माओवादी केन्द्रसँगको हुँदाखाँदाको सरकार बिचैमा ढालेर कांग्रेससँग गठबन्धन गर्नुपर्ने बाध्यता किन आइपऱ्यो ? गठबन्धन गर्दा यसको औचित्यका बारेमा जनतालाई के-के भनेर प्रस्ट पारियो ? कांग्रेसले आफू सबैभन्दा ठुलो दल हुँदाहुँदै पनि सरकारको नेतृत्व गर्न बढी अवधि एमालेलाई दिएर किन सहमति गर्ने बाध्यता आइपऱ्यो ? यस्ता विषयलाई सदैव मस्तिष्कमा राखेर दुई दल मिलेर बनाएको सरकारले काम गर्ने हो भने नागरिकमा उत्साह थपिने थियो। लोकतन्त्रको आवरणमा अर्कै प्रणाली त सञ्चालित भएको छैन ? भन्ने प्रश्नको उत्तर जनतालाई दिने सरल उपाय यही नै हो।

कांग्रेस र एमाले दुई ठुला दल सम्मिलित सरकारको प्रमुख ध्येय जनतामा बढ्दै गएको निराशा अन्त्य गर्नु थियो, त्यस्तै हुन्छ भन्ने सर्वत्र अपेक्षा गरिएको थियो। मुलुकमा गठबन्धन गरी बनेका यसअघिका अन्य सरकारभन्दा यो सरकार सर्वाधिक बलियो र दिगो मानिएको थियो, हो पनि। दुई दलले गठबन्धन गर्दा तयार पारिएको सातबुँदे सहमति अक्षरशः पालना हुने र त्यसमा परेको प्रमुख बुँदा भ्रष्टाचारको अन्त्य र सुशासनको प्रत्याभूतिले प्राथमिकता पाई आमसर्वसाधारणमा उत्साह पैदा हुने विश्वास सबैमा पलाएकै हो। त्यसमा कति सफलता प्राप्त भएको छ र कति विषयमा ठोस कदम चाल्न बाँकी छ भन्ने सरकारमा रहेकाहरूबाट मूल्याङ्कन गरिएकै हुनु पर्छ।

सरकार गठन भएको दश महिना नाघिसकेको छ। दीर्घकालीन योजना र लामो समय लाग्ने सुधारका विषयको प्रतिफल अहिले नै चाख्न पाउने समय निश्चय नै भएको छैन। अल्पकालीन योजनाको पूर्णता देखाएर वा सरकार कार्यान्वयनको चरणमा प्रवेश गरेका दृष्टान्त प्रस्तुत गरेर सरकार जनता र देशका हितमा अग्रसर छ भन्ने देखाउन ढिलो भइसकेको पनि अनुभूत गर्न सक्नु पर्छ। दुई ठुला दल मिलेर सत्ता सञ्चालन गर्न थालेपछिका अवधिमा लोकतन्त्र, संविधान, सरकार, कांग्रेस र एमालेलाई हेर्ने दृष्टिकोणमा जनतामा के कस्तो परिवर्तन आयो भनी अध्ययन गरेर आवश्यकीय सुधार सत्तासीन गर्नु आवश्यक छ।

लोकतन्त्र फस्टाउने भनेको सत्तासीन दल र प्रतिपक्षमा रहेका दलकै क्रियाकलापबाट हो। गणतन्त्रमा खिया लाग्ने भनेको पनि आफूलाई गणतन्त्रवादी भनेका दलका अवाञ्छित क्रियाकलापले जरा गाड्दै जाँदा नै हो। अहिलेसम्म नेपाली जनताको अभिमत सत्तारूढ दल र प्रमुख प्रतिपक्षी दलकै पोल्टामा छ। यसलाई जोगाउँदै आआफ्ना दलको लोकप्रियता अभिवृद्धिमा यी दल लाग्ने हो भने नेपालको लोकतन्त्र सुदृढ हुँदै जान्छ। एकले अर्काको खोइरो खनेर भए/नभएका आरोप लगाउँदै एकले अर्कालाई नङ्ग्याउने प्रवृत्ति बढ्दै गयो भने यदुवंशीको परिणाम भोग्नुबाहेक केही उपलब्धि हासिल हुन सक्दैन।

लोकतन्त्रमा जनताका आँखा संसद्मा परिरहेका हुन्छ। आफूले निर्वाचित गरेर पठाएका सांसद देश र जनताप्रति कत्तिको प्रतिबद्ध छन् भनेर मूल्याङ्कन गरिरहेकै हुन्छन्। हाजिर गरेर हिँड्ने, दलीय स्वार्थका कुरा मात्रै गर्ने, जनताका मुद्दा ओझेलमा पर्ने, ऐन-नियम-कानुन निर्माणमा सांसद उदासीन देखिने जस्ता विषय भए भने सकारात्मक प्रभावको अपेक्षा गर्न सकिँदैन। ससाना मुद्दामा समेत अहिले जस्तै संसद् लामो समयसम्म बन्धक बन्न थाल्यो भने संसद्प्रतिको भरोसा टुट्न सक्छ। आन्दोलनकारी सांसदलाई संसद् चल्न नदिएकोमा गर्व लाग्ला तर आमजनताको पैसा परेको संसद्मा बेथिति भइरहँदा कसैलाई फाइदा हुँदैन भन्ने सबैले सोच्न सक्नु पर्छ।

जनसङ्घर्षका उपलब्धि रक्षा गर्न सत्तारूढ दल जति संवेदनशील हुन जरुरी छ, प्रमुख प्रतिपक्षी दलको काँधमा समेत त्यत्तिकै जिम्मेवारीको भाग पर्छ। सरकारले समाजवादी क्रियाकलापलाई अघि बढाउँदै तल्लोस्तरका जनताको समृद्धि खातिर कदम चालेको प्रस्टै देखिनु पर्छ भने प्रतिपक्षी दलले भने सुझबुझपूर्ण तबरले सरकारलाई देश र जनता केन्द्रित बाटोमा हिँडाउन प्रयत्न गर्नु पर्छ। विरोधका लागि विरोध गर्ने मात्रै दायित्व आफ्नो हो भन्नेमा प्रतिपक्षी दल केन्द्रित भए भने सत्तारूढ दलले राम्रा काम गर्दागर्दै पनि लोकतन्त्रको राम्रो प्रभाव पर्दैन। प्रतिपक्षीबाट रचनात्मक विरोधको अपेक्षा लोकतन्त्रले गरिरहेकै हुन्छ।

आमनागरिकको अत्यधिक भिड हुने सरकारी कार्यालयमा हुने ढिलासुस्ती र त्यहाँ बुझाउनुपर्ने दस्तुरका कारण जनता वाक्क भइरहेका थिए। त्यस्ता क्रियाकलापमा यो १० महिनामा केही कमी आयो कि झन् बढेको छ सरकारले नियमन गर्नु पर्छ। बढेको छ भने नियन्त्रण गर्न सरकार अग्रसर हुनु पर्छ। घटेको छ भने त्यसमा सक्रिय हुनेलाई पुरस्कृत गर्नसमेत पछि पर्न हुँदैन। संस्थाहरूमा बारम्बार हडताल हुने र हडतालमा सत्तारूढ दलका कार्यकर्ताकै नेतृत्व रहने जस्ता काम भइरहँदा दलप्रतिको अनास्था बढ्दै गएको अब दलहरूले बुझ्न सक्नु पर्छ। संस्था नै तहसनहस हुने अवस्था आउँदा पनि दलका नेताले प्रत्यक्ष-परोक्ष संलग्नता प्रदर्शन गरी क्षणिक स्वार्थका लागि संस्था ध्वस्त बनाउने काम बन्द गर्न ढिलो भइसकेको छ। यसका लागि पनि सत्तारूढ भएका दुई ठुला दलले नेतृत्व लिएर प्रतिपक्षीलगायतका सबै दललाई सहमत गराउने अभियान चाल्नै पर्छ।

राजनीतिक पर्यवेक्षणमा चासो दिने वर्तमान पुस्ताले कांग्रेस एक्लैको सरकार देखेकै हो। एमालेले अन्य दलसँग गठबन्धन नगरी एक्लै सत्ता चलाएको पनि जनताले भोगिसकेका छन्। नेकपा माओवादीले अन्य दलको भन्दा प्रचण्ड बहुमत ल्याएर मुलुक हाँकेको पनि अब कसैलाई नौलो छैन। कांग्रेस र नेकपा माओवादीको सहकार्यमा सरकार चलाउँदा कस्तो हुन्छ र माओवादी र नेकपा एमालेको गठबन्धनमा सरकार बने के परिवर्तन आउला भन्ने पनि अब कसैका लागि जिज्ञासाको विषय रहेन। नयाँ उदाएका दल सत्तामा पुगे भने केही गर्छन् कि भन्ने आशा पनि मारिसकेको छ। जनताको रगत र पसिनाबाट आर्जित लोकतन्त्रलाई पुनः राजाको खल्तीमा बुझाएर निरङ्कुश शासन ल्याउन प्रयत्न गर्नेहरूबाट त झन् कसैले केही अपेक्षै गर्दैन। सच्चिनुपर्ने, सुध्रिनु पर्ने र गर्नुपर्ने लोकतन्त्रवादी दलले नै हो।

दुई भिन्न विचारधारा बोकेका दल सत्ताका निमित्त एकै ठाउँमा उभिए पनि कतिपय सन्दर्भमा मतभेद हुन्छ भन्नेमा कुनै शङ्का छैन। एउटै दलभित्र त गुट उपगुट सिर्जना भएर विवादरहित सत्ता सञ्चालन गर्न कठिन हुन्छ भने सिद्धान्ततः फरक धार बोकेका सम्पूर्ण क्रियाकलापमा एउटै निष्कर्षमा पुग्छन् भन्ने आशा पनि कसैले गर्दैन। मुलुक र जनताका एजेन्डामा भने दलीय स्वार्थलाई थाती राखेर एउटै विन्दुमा उभिनु अहिलेको बाध्यता हो। राजनीतिक स्वार्थ बेग्लाबेग्लै भए पनि राजनीतिक अस्थिरताले आत्तिएका जनतालाई त्राण दिनु प्रमुख कर्तव्य ठानेर कांग्रेस र एमालेले दलीय स्वार्थलाई एक कदम पछि राख्न तयार हुनु नै बुद्धिमत्ता ठहर्छ।

आफ्ना पार्टीका समर्थक भए क्षमतावानलाई पञ्छाएर अक्षमलाई अवसर दिने पुरानै परिपाटीले निरन्तरता पाइरहे देश छाड्ने युवाको लर्कोमा कमी आउने छैन। पहिले आफ्ना नातेदारलाई अवसर दिने र त्यसपछि मात्रै योग्य नागरिकको खोजी गर्ने परम्परागत पद्धतिमा सुधार नआए कांग्रेस र एमालेले आफ्नो लोकप्रियतामा ह्रास वृद्धि त गर्छन् नै मुलुकको प्रगतिमा समेत उल्टो ग्राफ खिचिन पुग्छ। आफ्नै दलको भविष्यका खातिर पनि दुई ठुला दलको सरकारले विधि र प्रक्रियामा ध्यान दिँदै विकृतिका सबै मुहान बन्द गर्न सक्नै पर्छ।

उखु किसानलाई दिँदै आएको राहत काटिने, किसानलाई कहिल्यै पर्याप्त मल दिन नसक्ने अनि उच्च ओहोदाका पदाधिकारीलाई सवारी साधन खरिदमा अर्बौं खर्च गर्ने नियत राखियो भने सरकारप्रतिको जनताको विश्वास गुम्दै जान्छ। सीमान्त गरिबीको रेखामुनि रहेका जनताका समस्या ज्युँका त्युँ रहने, विशिष्ट र पूर्वविशिष्ट भनिएका पदाधिकारीको सेवा सुविधा वृद्धि गर्दै जाने काम भए भने सत्तामा सहभागी भएका दलसँगको नागरिकको सम्बन्ध टुट्दै जानेमा कुनै शङ्का रहँदैन। यस्ता विषयमा सचेत भएर सरकार अघि बढ्नु पर्छ।

दलका नेताले ठुलाठुला महँगा विद्यालय खोल्ने र नारा भने सामुदायिक विद्यालयको समृद्धिका दिने गर्दा अबका जनताले पत्याउन मुस्किल पर्छ। दलमा व्यापारीको हालीमुहाली देखिने, दलका केन्द्रीय समितिमा विचौलियाको बाहुल्य हुने, ठेकेदारको नियन्त्रणमा नेता परिचालित हुने जस्ता व्यवहार सतहमा आए भने निश्चय नै जनमत अभिवृद्धि गर्ने विषय दिवास्वप्न मात्रै हुने छ। दलका नेतामा स्वच्छताको गन्धबाहेक केही नभेटिने अवस्था सिर्जना गर्न सक्नुमा नै दलको सफलता र असफलता मापन हुने छ। यस्तो परिस्थितिमा कांग्रेस र एमालेका नेतामा अझ बढी गाम्भीर्य जनताले खोजिरहेका छन्। विशेष गरी सत्ता र सरकारमा बसेका नेताले इतिहासमा घटेका घटना विश्लेषण गर्दै जनचाहना विपरीतका कार्य हुनै नदिने गरी संवेदनशील हुन जरुरी छ। जनतामा के कारणले वितृष्णा उत्पन्न हुन्छ र कुन काम गरेमा आमनागरिकका आँखामा हर्षका आँसु देख्न पाइन्छ भन्ने राम्रैसँग बुझेका नेताले कुर्सीमा बस्ने बित्तिकै चटक्कै बिर्सन हुँदैन भन्ने पनि बुझेकै हुँदा सरकारका क्रियाकलापलाई त्यतैतिर मोड्नु नै अहिलेको आवश्यकता हो।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# "बडाले जे गरे, त्यही हुन्छ जाति"



• माधव कल्पित

यस पंक्तिले नेपालको एक दर्दनाक ऐतिहासिक यथार्थलाई उजागर गर्छ। युगकवि सिद्धिचरण श्रेष्ठले यो पंक्ति केवल काव्यात्मक व्यङ्ग्यका लागि लेखेका थिएनन्; यो एउटा विरोधको उद्घोष थियो,राणाशाहरुको निरंकुशतालाई चुनौती दिने साहसिक प्रयास। वि.सं. १९४० को दशकमा, जहाँ सत्य बोल्नु वा न्यायको पक्ष लिनु नै राष्ट्रघात ठहरिन्थ्यो । सिद्धिचरणले आफ्नो लेखनीमार्फत तीव्र आलोचनाको स्वर उठाए।

सिद्धिचरणको यो पंक्ति उनी जेलमा रहेका बेला लेखिएको हो। उनलाई 'राष्ट्रघात' गरेको आरोपमा १८ वर्षसम्म कठोर जेल सजाय सुनाइएको थियो। विचार र अभिव्यक्तिमा प्रतिबन्ध लगाइएको त्यो समय, जहाँ सत्ताको विरोध गर्नु 'देशद्रोह' मानिन्थ्यो, उनले विचारको ज्वाला कहिल्यै निभ्न दिएनन्। गोलघर जेलको कठोरताभित्र थुनिए पनि, उनका शब्दले हरेक पर्खाल भत्काउँदै सत्तालाई चुनौती दिइरहे।

### बोल्न नपाइने युग

राणाशाहीका बेला अभिव्यक्ति स्वतन्त्रता केवल एक सपना थियो। जुनसुकै विचार, जसले सत्ताको आलोचना गर्थ्यो, त्यसलाई चुप गराइन्थ्यो। सिद्धिचरण मात्र होइन, थुप्रै लेखक, कवि, र विचारकले यो अत्याचार भोगेका थिए। जेलभित्र पनि उनीहरूको लेखनी रोकिएन। त्यो समय शब्द एउटा हतियार बनेको थियो, जसले उत्पीडनका पर्खालहरू चर्काउन खोज्थ्यो।

नेपालको इतिहास हेर्दा, बोल्न नपाउने युगको पुनरावृत्ति बारम्बार भएको देखिन्छ। राणा शासनबाट पञ्चायत काल हुँदै वर्तमानसम्म, अभिव्यक्तिमाथि लगाइएको बन्देजका किस्सा नजिकै छन्। राज्यले आलोचनालाई दबाउने, सत्यलाई तोडमोड गर्ने, र विरोधको स्वरलाई देशद्रोह ठहर्याउने क्रम अझै रोकिएको छैन।

सिद्धिचरणको यो पंक्ति केवल राणाशाहीको आलोचना मात्र थिएन, यो हरेक अन्याय, उत्पीडन, र निरंकुशताको विरुद्ध प्रतिरोधको एक प्रतीक बनेको छ। प्रश्न छः के हामी आज पनि त्यस्तै युगको सामना गरिरहेका छौं, जहाँ सत्य बोल्नु 'राष्ट्रघात' ठहरिन्छ ।

त्यो समय आजकोभन्दा धेरै टाढाको जस्तो लाग्छ। तर, साँच्चै टाढा छ त?गणतन्त्र आएको १६ वर्ष बितिसक्दा पनि अभिव्यक्ति स्वतन्त्रता सुरक्षित छैन भन्ने आम अनुभूति जनतामा फैलिएको छ। अहिलेको सरकारले सामाजिक सञ्जाललाई 'खुला मंच' भन्दा बढी 'नियन्त्रण गर्ने औजार' बनाउन खोजेको स्पष्ट देखिन्छ।

एक क्लिक, एक पोष्ट – अनि पक्राउ।

'फेक न्युज', 'साइबर अपराध' जस्ता शब्दहरूको प्रयोग गर्दै असहमतिको स्वरमाथि धावा बोलिन्छ। सूचना प्रविधि ऐन २०६३ को दुरुपयोग गरिँदै आलोचकहरूलाई धम्क्याउने, थुन्ने, कानुनी जालमा पार्ने क्रम बढ्दो छ।

जसको तीतो अनुभव धेरैले भोगेका छन् – कुनै सानो स्टाटस लेखेको भरमा थुनिनु, 'राजद्रोह' को आरोप खेप्नु, वा घरमै निगरानी हुनु।

यस्तो अवस्था इतिहासका सन्दर्भहरूसँग झन् मिल्दो छ।

हिटलरको जर्मनीमा आलोचकहरू राष्ट्रद्रोही घोषित हुन्थे। स्टालिनको रुसमा लेखक, कवि र बुद्धिजीवीहरूलाई "जनविरोधी" भन्दै जेलमा हालिन्थ्यो। माओको चीनमा विचार राख्नेलाई नै खतरनाक घोषित गरिन्थ्यो। दक्षिण कोरियामा पनि प्रेस नियन्त्रण, निगरानी र डरको शासन थियो।

नेपाल अहिले त्यही भूतसँग फर्किरहेको अनुभूति भइरहेको छ – जहाँ आलोचना अपराध ठहरिन्छ, असहमति राष्ट्रघात ठानिन्छ।

यस्ता सत्ताहरूको साझा लक्षण हुन्छः

- कानुनको दुरुपयोग,
- डरको वातावरण निर्माण,
- राष्ट्रवादको नाममा नागरिक स्वतन्त्रतामाथि अंकुश।

मौन रहँदा सत्ता झन् साहसी बन्छ – दमन गर्न, बोल्नेलाई थिच्न, डर देखाउन। तर इतिहासले प्रमाणित गरेको छ – तानाशाही कहिल्यै दीर्घकालीन हुँदैन।

जब जनताले बोल्न सुरु गर्छन्, तानाशाहीको पर्खाल चर्किन थाल्छ। जब सशक्त नागरिक समाज, संवैधानिक निकाय र सचेत मिडिया एकै स्वरमा उभिन्छन्, परिवर्तन सम्भव हुन्छ। प्रविधि दमनको उपकरण होइन – जनस्वरको माध्यम बन्नुपर्छ। शिक्षा केवल डिग्री हैन – चेतना बन्नुपर्छ। विचार सजाय होइन, समृद्धिको आधार बन्नुपर्छ। "बडाले जे गरे, त्यही हुन्छ जाति" भन्ने सोच बद्लिनु नै लोकतन्त्रको पहिलो खुड्किलो हो।

अब समय आयो – मौनताबाट उठ्ने, विचारलाई थुन्न नसकिने एउटा बलियो आवाज बन्ने।

शब्दहरूको शक्ति कहिल्यै हराउँदैन।

बोल –किनभने तिम्रो मौनता बढ्यो भने, सत्ता अझ तानाशाह बन्छ र प्रत्येक नागरिकको गलामा गलपासो झुण्डाउने छ ।

# उत्कृष्ट कृषक पुरस्कृत हुँदै

झापा(प्रस) । राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार १४ जना किसानलाई प्रदान गरिने भएको छ । प्रत्येक प्रदेशबाट दुई जनाका दरले छनोटमा परेका किसानलाई आगामी मङ्गलबार राष्ट्रपति रामचन्द्र पौडेलबाट पुरस्कृत गर्न लागिएको हो ।

प्रदेश सरकारले छनोट गरेर पठाएको नामका आधारमा पुरस्कार प्रदान गर्न लागिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । पुरस्कारको राशि प्रतिव्यक्ति दुई लाख रुपियाँ रहेको छ । फरक फरक विधाबाट उत्कृष्ट पुरस्कारका लागि किसान छनोट भएका हुन् ।

मन्त्रालयका सहसचिव सवनम शिवाकोटीले यसअघि राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको नाममा मन्त्रालयबाटै पुरस्कार प्रदान गरिँदै आएकामा यस वर्ष भने राष्ट्रपतिबाट प्रदान गर्न लागिएको जानकारी दिइन् । किसानलाई कृषि पेसाप्रति हौसलासँगै प्रोत्साहन गर्न राष्ट्रपतिबाटै पुरस्कार प्रदान गर्न लागिएको उनले जानकारी दिइन् ।

राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारका लागि कोशी प्रदेशबाट आर्य कृषि फार्म र रमेश कृषि फार्मलाई सिफारिस गरिएको छ । यस्तै मधेश प्रदेशबाट शम्भुनाथ माछा फार्म र निजगढ केरा एग्रिकल्चर फार्म सिफारिसमा परेका छन् । बागमती प्रदेशबाट कालिका पशु विकास केन्द्र र ग्रिनलाइन एग्रो प्रालि, गण्डकी प्रदेशबाट ङवाङ हिसी कृषि तथा पशुपन्छी अर्गानिक फार्म र मित्र वाटिका कृषि फार्म सिफारिसमा परेका छन् । यस्तै लुम्बिनी प्रदेशबाट जयपाल मौर्य र शान्ति उन्नत पशुपालन तथा माछा फार्म प्रालि, कर्णाली प्रदेशबाट गोविन्द ओली र भरतनाथ योगी तथा सुदूरपश्चिम प्रदेशबाट खप्तड पशुपन्छी तथा कृषि फार्म र कैलाशेश्वरी कृषि तथा पोल्ट्री फार्म प्रालिलाई सिफारिस गरिएको छ ।

कृषिलाई उत्पादन, आम्दानी र रोजगारीको माध्यमबाट आकर्षण क्षेत्रका रूपमा विकास गर्नुका साथै युवालाई कृषि पेसामा आकर्षित गरी कृषि पेसालाई सम्मानित गर्न मन्त्रालयले गत वर्षदेखि राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० कार्यान्वयनमा ल्याएको छ । गत वर्ष कार्यविधि आउन ढिलाइ भएका कारण पुरस्कार प्रदान हुन नसकेको अब निरन्तरता दिने मन्त्रालयले जनाएको छ ।

राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानका लागि आवश्यक रकम मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रमका माध्ययबाट व्यवस्था गर्ने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिमा पुरस्कारका लागि न्यूनतम मापदण्डसमेत निर्धारण गरिएको छ । अन्नबाली तथा दलहन तेलहन बालीका लागि तराईमा १५ कट्ठा र पहाडमा १० रोपनीमा खेती तथा पशुपालन गरेको हुनुपर्ने छ ।

यस्तै तरकारी बाली, पुष्प तथा मसला बालीका लागि तराईमा पाँच कट्ठा, पहाडमा दुई रोपनी प्लास्टिक हाउस हुनुपर्ने छ । केरा र उखुका लागि तराईमा एक बिघा र पहाडमा १० रोपनी, स्याउ एक हजार बोट, मौरीपालन ५० घार, माछापालन तराईमा पाँच कट्ठा र पहाडमा तीन रोपनीमा गरेको हुनुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै आलुका लागि तराईमा एक बिघा र पहाडमा १० रोपनीमा खेती गरेको हुनुपर्ने छ । च्याउका लागि १० वटा टनेल, अलैँची, अदुवा, चिया र कफीका लागि पाँच रोपनीमा खेती गरेको हुनुपर्ने कार्यविधिमा उल्लेख छ ।

# हात्ती आतंक: त्रसित समुदाय



• शान्तिराम बस्नेत

गएराति सञ्चारबाटिका नामको फेसबुकमा जंगली हात्तीले गरेको ताण्डव र स्थानीयहरूले झण्डै गुमाउनु परेको आफ्नो ज्यान सम्बन्धी करीब २ मिनेट लामो भिडियो हेर्ने मौका मिल्यो । उक्त भिडियो सरसर्ती हेर्दा शिवसताक्षी नगरपालिका र यसका सीमावर्ती क्षेत्रहरूमा यो समस्या अझ चुनौतीपूर्ण बनेको छ। हात्तीले मानिसहरूलाई खेदाउने र मानिसहरू भाग्ने यो दोहोरी खेलले दुवै पक्षका लागि जीवनमरणको जोखिम सिर्जना गरिरहेको छ।

हात्ती विशेषज्ञ अनुसार जंगली हात्तीहरू प्राकृतिक रूपमा शान्त प्राणी भए पनि खानाको खोजीमा मानव बस्तीमा प्रवेश गर्दा, आफ्नो क्षेत्र सुरक्षाको भावनाले वा बच्चा हात्तीलाई जोगाउने मातृत्व प्रवृत्तिका कारण तिनीहरू अत्यन्त आक्रामक बन्छन्। डर र तनावको अवस्थामा तिनीहरूको रक्षात्मक व्यवहार मानिसका लागि घातक हुन सक्छ।

शिवसताक्षी नगरपालिका वडा नं. ११ मा हिजो राति भएको घटनाको भिडियोले यस समस्याको गम्भीरता स्पष्ट पारेको छ। उक्त भिडियोमा दुई हात्तीले करीब २ सय मिटर मानिसलाई खेदायो भनेर भनिएको प्रष्ट सुनिएको छ । स्थानीय मैनाचरी बस्तीमा राति करिब १० बजे गाउँ पस्नै लाग्दा हात्तीलाई भगाउनेलाई नै हातीले उल्टो खेद्न थालेको थियो। उनीहरू आफ्नो ज्यान जोगाउन दौडिएर भाग्न सफल भएपनि यसको प्रभाव उनीहरूको मस्तिष्कमा पक्कै परेको छ । यस घटनामा खेतमा लगाइएको बालीको क्षति, स्थानीयवासीको घरको बार नष्ट भन्दा सबैभन्दा महत्वपूर्ण कुरा स्थानीयहरूको मानसिक तनाव बढेको थियो।

यस्तो परिस्थितिबीच पनि शिवसताक्षी नगरपालिकाका मदन राई, दाताराम विष्ट, सुदर्शन भट्टराई लगायतले सामाजिक सञ्जाल फेसबुकका माध्यमबाट दिउँसो जङ्गली हात्ती भएको ठेगाना र राती कुन गाउँतिर पस्न सक्छन् जस्ता सूचनाहरू स्थानीयहरूमा एउटा भरपर्दो माध्यम बनेको छ भने अर्कोतर्फ जङ्गली हात्ती गाउँ बस्तीमा पसेपछि मेयर रोशन थोप्राको पहल पनि उत्तिकै सराहनीय देखिन्छ । मेयरद्वारा तत्काल नेतृत्व लिएर घटनास्थलमा पुगी यस्तो संकटकालमा देखाएको तत्परताले स्थानीयवासीमा विश्वास जगाउने मात्र नभएर अन्य स्थानीय तहका नेताहरूका लागि उदाहरणीय सन्देश पनि दिएको छ। तर यति मात्रले पुग्दैन । नगरपालिकाले हात्तीसँग कसरी व्यवहार गर्ने भन्ने तालिम, आपत्कालीन समयमा सम्पर्क गर्ने फोन नम्बर र स्थानीय युवाहरूलाई जानकारी प्रदान गर्ने चेतना जगाउने कार्यक्रमहरू गराउनु आवश्यक छ । तत्काल समाधानका रूपमा राति स्थानीय बाजाहरू बजाएर हात्तीलाई भगाउने, उज्यालो बत्तीको प्रयोग, सामुदायिक निगरानी टोली गठन र खेतको वरिपरि सुरक्षा बार लगाउने जस्ता उपायहरू अपनाउन सकिन्छ।

नेपालको तराई क्षेत्रमा जंगली हात्तीहरूको आतङ्कले मानव जीवनमा गम्भीर असर पारिरहेको अवस्थाको बीच यो दोहोरी खेलमा शिवसताक्षी नपामा मात्र गत वर्ष ३ जनाले अकालमै ज्यान गुमाउनु परेको छ । त्यतिमात्र नभएर हात्तीको आक्रमणबाट गम्भीर चोटपटक, भाग्दा लडेर लाग्ने चोट, मानसिक तनाव र डरको भावना र जीवन गुमाउने जोखिम छ भने दीर्घकालीन रूपमा कृषि उत्पादनमा ह्रास, आर्थिक क्षति, बस्ती सुनसान हुने खतरा र बालबालिकाको शिक्षामा बाधा पुग्छ। अर्कोतर्फ हात्तीहरूका लागि पनि स्थानीयवासीको प्रतिकारात्मक कार्य, विषाक्त पदार्थको प्रयोग, बिजुलीको तारमा करेन्ट लाग्ने र जालमा फसेर घाइते हुने जस्ता प्रत्यक्ष खतराहरू छन्। साथै प्राकृतिक बासस्थान घट्दै जानु, खाद्य श्रृंखलामा व्यवधान र तनावका कारण व्यवहारिक परिवर्तन जस्ता अप्रत्यक्ष असरहरू पनि छन्।

दीर्घकालीन समाधानका लागि हात्तीको प्राकृतिक बासस्थान संरक्षण, वन विस्तार कार्यक्रम, खाद्य स्रोतको व्यवस्थापन र पानीको मुहान व्यवस्थापन जस्ता वातावरण संरक्षणका कामहरू गर्नुपर्छ। साथै क्षतिपूर्ति प्रणाली सुधार, तत्काल राहत कोषको व्यवस्था, बीमा योजनाको विस्तार र वन्यजन्तु संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन आवश्यक छ।

यस सम्बन्धमा सरकारी निकायहरूले तत्काल राहत कोषको स्थापना, विशेषज्ञ टोलीको व्यवस्था र नियमित निगरानी प्रणालीमार्फत स्थानीय समुदायसँग बलियो समन्वय गर्नुपर्छ। स्थानीय समुदायले एकजुट भएर समस्याको सामना गर्दै वैज्ञानिक तरिकाको अपनाउने, धैर्यता र सहनशीलता देखाउने र संरक्षण चेतनाको विकास गर्नुपर्छ। गैरसरकारी संस्थाहरूले चेतना जगाउने कार्यक्रम सञ्चालन, प्राविधिक सहयोग प्रदान, अनुसन्धान र अध्ययन र अन्तर्राष्ट्रिय सहयोग जुटाउने काममा लाग्नुपर्छ। जंगली हात्तीको आतङ्क र मानव-हात्ती द्वन्द्व आजको एक ज्वलन्त समस्या हो जसको दिगो समाधानका लागि सरकार, स्थानीय समुदाय र संरक्षणकर्मीहरूको संयुक्त प्रयास आवश्यक छ। हात्ती र मानिस दुवैको सुरक्षालाई ध्यानमा राखेर बनाइएको योजनाले मात्र यो समस्याको प्रभावकारी समाधान ल्याउन सक्छ। तत्काल राहतदेखि दीर्घकालीन संरक्षणसम्मका सबै पक्षहरूलाई समेटेर काम गर्नुपर्ने आवश्यकता छ।

# २० अर्बको बिजुली बेच्ने लक्ष्य: उत्पादन बढाउन सुझाव

झापा(प्रस) । नेपाल सरकारले असार १ गतेदेखि ४० मेगावट विद्युत् बङ्गलादेश निर्यात गर्दै आएको छ । वर्षायाममा बढी भएको विद्युत् निर्यात गर्ने सम्झौता अनुरुप नेपालले जुन १५ देखि नोभेम्बर १५ सम्म पाँच महिनाका लागि सो विद्युत् निर्यात् गरेको हो ।

नेपाल विद्युत प्राधिकरणका निर्देशक एवम् प्रवक्ता राजन ढकालका अनुसार अहिले भारत र बङ्गलादेश गरी समग्रमा पाँचदेखि ६ सय मेगावट विद्युत् निर्यात भएको अवस्था छ ।

उनले भने, "बङ्गलादेशमा जुन १५ देखि नोभेम्बर १५ सम्मको लागि हो । यस्तै, इन्डियाको हरियाणा, विहारसँग पनि निर्यातका लागि सम्झौता भएको छ । विहार राज्यलाई जुन १५ देखि अक्टोबर ३० सम्म दिन्छौं ।" नेपालमा खपत नभएको विद्युत् विदेशमा निर्यात भएको उनको भनाइ छ ।

नेपाल विद्युत् प्राधिकरणका विद्युत प्रणाली नियन्त्रण विभागका उप-प्रबन्धक सुवर्ण सापकोटाका अनुसार उक्त विद्युत् बिक्रीमार्फत नेपालले पाँच महिनामा ९४ लाख अमेरिकी डलर अर्थात् एक अर्ब २९ करोड नेपाली रुपियाँ आम्दानी गर्ने छ ।

उनका अनुसार बङ्गलादेशमा पाँच महिनाको अवधिमा १४ करोड ६८ लाख ८० हजार युनिट विद्युत निर्यात हुनेछ । सो विद्युत् ६.४० अमेरिकी प्रतियुनिटका दरले बङ्गलादेशमा विद्युत् बिक्री गर्ने सम्झौता भएको छ । उक्त विद्युत् नेपालको ४०० केभी ढल्केबर सबस्टेसनबाट भारतको मुजफरपुर, बेहरामपुर हुँदै बङ्गलादेशको भेरमारा सबस्टेशनसम्म पुग्ने छ ।

प्राधिकरणका प्रवक्ता ढकालका अनुसार यो आर्थिक वर्षमा २० अर्ब रुपियाँ बराबरको विद्युत् बिक्री गर्ने लक्ष्य रहेको छ । उनले भने, "यो आर्थिक वर्षमा २० अर्बको बिजुली बेच्ने लक्ष्य लिएका छौं । विगतमा असोजको बाढीले केही नोक्सानी पुऱ्यायो । यसकारण, असार अन्तिमसम्म १८ अर्ब बराबरको विद्युत् निर्यात गर्छौं होला ।"

अर्थविद् डा. चन्द्रमणि अधिकारीले विद्युत् निर्यातले व्यापार घाटामा सहजीकरण गरेको बताए । नेपालले सकेसम्म कम लागतमा बिजुली उत्पादन गर्ने र सो विद्युत् उत्पादन क्षेत्रमा यही खपत गर्नुपर्नेमा उनको जोड छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।